पञ्ञा नरानं रतन

परियत्ति बुलेटीन PARIYATTI BULLETIN

नेपाल बौद्ध परियत्ति शिक्षा

# परियत्ति
PARIYATTI BULLETIN बुलेटीन

अंक-१२ | बु.सं. २५५६ | बि.सं. २०६९ चैत्र ३१ गते | ने.सं. ११३३ | ई.सं. २०१३

# अनुकरणीय राहुल चरित्र

✍ **भिक्षु अश्वघोष**, संघनायक, अ.ने.भि.महासंघ

भगवान बुद्ध भएर ७ वर्षपछि कपिलवस्तु जानुभयो । त्यस बेला यशोधरादेवीले राहुललाई भनी, "तिमी आफ्नो बुवा कहाँ गएर अशं देऊ भनी माग गर ।" राहुल कुमार बुद्धकहाँ गएर भन्यो- "तपाईंको छायाँ खुब शित्तल छ ।" बुद्धले सोध्नुभयो- "तिमी यहाँ किन आएको ?" राहुलले भन्यो- "आमाले तपाईंसँग धेरै सम्पत्ति छ रे अंश लिएर आउनु भनि पठाएको हो ।"

बुद्धले मसँग भएको यही पहेंलो वस्त्र मात्र हो भनेर उसलाई पहेंलो वस्त्र लगाई प्रवजित गर्नुभयो । राहुल कुमार ७ वर्षको मात्र पुगेको बालक, त्यत्ति ज्ञान भएको छैन । उसलाई यतिमात्र थाहा छ, बुद्ध मेरो बुवा हुनुहुन्छ । त्यसले गर्दा उसमा अभिमान बढ्यो । बुद्धले सारिपुत्र भिक्षुलाई राहुल कुमार जिम्मा दिनुभयो । उमेरले बालक भएकोले उसले अनुशासन भनेको के हो भन्ने उसलाई थाहा थिएन । सारिपुत्र भन्तेले ज्ञानको कुरा सिकाइ दिए पनि राहुल कुमारले त्यत्ति ध्यान दिएन । उसले भिक्षुहरुलाई भन्ने गर्दथे-"मलाई चिन्नुहुन्छ ? म को हुँ ? मेरो बुवा बुद्ध हुन् ।" भिक्षुहरुले बुद्धकहाँ गएर भने- "भन्ते ! राहुल कुमारलाई सम्झाइ दिनुस् । ऊ अलि बेतालको भएको छ । कुरा गर्ने पनि मिलेको छैन, आफूभन्दा ठूलाको कुरा तिर पनि ध्यान दिंदैन । अनुशासन राम्रो छैन ।"

बुद्धले राहुल कुमारलाई अम्बलटिन्क जंगलमा लग्नुभयो । बुद्धले राहुललाई पानीले भरिएको लोटा हल्लाउँदै सोध्नुभयो, "लोटामा के छ ?" राहुलले भने "त्यसमा पानी भरिएको छ, त्यसैले कुनै आवाज आएन ।"

बुद्धले आधा पानी खन्याई सोध्नुभयो- "अब के भयो ?" राहुलले भने " पानी आधा मात्र भएकोले छप्ल्याङ्ग छप्ल्याङ्ग आवाज आयो ।" बुद्धले फेरी सोध्नुभयो- "अब के भयो ?" राहुलले जवाफ दिंदै भने- "लोटा खाली भयो ।" बुद्धले भन्नुभयो, "आधा पानी हुँदा पानी चलेको जस्तै तिमी चञ्चल थियौ । पानी सबै नहुँदा लोटा रित्तो भए जस्तै तिमी पनि झुटो कुरा गर्ने गरेकोले रित्तो मान्छे बन्न पुग्यौ । तिम्रो बोली वचन नराम्रो भएको अरुलाई अप्ठ्यारो पर्‍यो । मेरो बुवा बुद्ध हुनु हुन्छ भनि कसरी अहंकार आएको ? अज्ञानी भयौ भने अरु कसैले तिमीलाई माया गर्दैन । अंश लिन मकहाँ आयौ । असल र ज्ञानी अंश कसरी पाउँछौ ? तिमी ज्ञानी नभएकोले मलाई त खल्लो लाग्यो र लाज पनि लाग्यो । अबदेखि असल हुनुपर्‍यो ।" यसरी आफ्नो (सिद्धार्थको) छोरालाई एकान्त जंगलमा लगेर अर्ती दिनुभएको कुरा मज्झिम निकायमा अम्बलट्ठिक राहुलो सुत्रमा विस्तारमा उल्लेख भएको पाउँछौं ।



बुद्धबाट अर्ती सुनिसकेपछि राहुलकुमारले मन मनै कुरा गर्न थाल्यो- मलाई बुद्धले एक्लै जंगलमा ल्याएर अर्ती दिनु भएको म अज्ञानी भएकोले हो । अब देखि म ज्ञानी हुन्छु भनी बुद्ध समक्ष वाचा गरे । फेरी बुद्ध समक्ष प्रार्थना गरे- "भो गुरु ! भोलिदेखि मैले गर्नु पर्ने काम के के हुन भनि दिनुहोला ।"

बुद्धले भन्नुभयो-"सबेरै उठेर कुचो लगाई सफा सुग्घर गर्ने, पानी ल्याएर जहाँ राख्नु पर्ने हो राखी दिने । आफूभन्दा ठूलाबडाको अपमान नगरी आज्ञाकारी बन्ने बिर्सनु हुन्न ।"

बुद्धबाट अर्ती पाइसकेपछि राहुल आशातीत ज्ञानी भयो । बिहानै उठेर कुचो

**बाँकी पृष्ठ ४ मा**

## परियत्ति प्रतिज्ञा

**नेपाल बौद्ध परियत्ति शिक्षा अध्ययन गरी मैले भगवान् बुद्धको उपदेशहरु सिक्ने मौका पाएँ । यसको लागि अखिल नेपाल भिक्षु महासंघप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । नेपाल बौद्ध परियत्ति शिक्षाबाट प्राप्त ज्ञानलाई मैले आफ्नो मन, वचन र कर्मले पालन गर्नेछु । मैले यो ज्ञान मेरो परिवार र समुदायलाई पनि सिकाउनेछु । यसरी नै परियत्ति शिक्षाको विद्यार्थी भएको नाताले बुद्धधर्मको विकास र संरक्षणमा सदा संलग्न भई सक्दो योगदान दिने कार्यमा निरन्तर लाग्नेछु ।**

# परियत्ति स्वर्ण महोत्सवको यो बेला

✍ सम्पादकीय

नेपालमा परियत्तिको अध्यापन कार्य शूरू भएको ५० वर्ष नाघेको छ । आज हामी परियत्तिका पचासौं समूहका विद्यार्थीहरूलाई दीक्षित गरिरहेका छौं । यो वर्ष परियत्ति स्वर्ण महोत्सवको कार्यक्रम गरी भव्य रूपमा मनाउने तयारी पनि भैरहेको छ ।

दिवंगत पुज्यपाद संघनायक भिक्षु बुद्धघोष महास्थविरको विशेष पहलमा अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित परियत्ति शिक्षा पचास वर्षसम्म विभिन्न आरोह अवरोह पार गरी अहिलेको अवस्थासम्म आईपुग्न धेरै मेहनत गर्नुपरेको थियो । उक्त मेहनतमा भिक्षुहरू, अनागारीकाहरू, उपासक र उपासिकाहरू सरीक रहेको कुरा सबैमा विदितै छ । कुनैपनि संस्था पचास वर्षसम्म निरन्तर संचालन हुनु सामान्य कुरा होईन । त्यसमाथि पनि समयसीमा अनुसार कार्य गर्नुपर्ने शिक्षणसंस्थाको सम्बन्धमा त झन गाह्रो हुने नै भयो ।

बुद्धधर्मसंग सम्बन्धित साहित्य, इतिहास, दर्शन, कला आदि विषय समेटिएको १० वर्षे अध्ययनको कार्यकमको रूपमा यस परियत्तिले पचास वर्षको दौरानमा हजारौं बालबालिका तथा युवाहरूलाई सद्धर्मको रस चखाईसकेको छ र परियत्ति सद्धम्मपालक र सद्धम्मकोविद जस्ता उपाधि प्राप्त गर्नेहरू उल्लेखनीय संख्यामा उत्पादन गरीसकेको छ ।

बुद्धजयन्ती, बुद्धपूजा, परित्राण, कथिनदान आदि कार्यकमले जनमानसमा बुद्धधर्मको प्रचार प्रसार भईरहेकोमा परियत्ति शिक्षाले धर्मप्रचारमा नयाँ आयाम थपिदिएको छ । यस शिक्षाबाट प्राप्त जनसक्तिहरूकै कारणले नेपालमा विभिन्न बौद्ध गतिविधिमा व्यापकता आएको महशुस गर्न सकिन्छ । विशेषतः बौद्ध पुस्तकहरूको प्रकाशन, हाजिरी जवाफ र अन्य अतिरिक्त बौद्धकार्यकलापहरू, बौद्ध जागरण कार्यकम, आधारभूत बौद्ध शिक्षाको पठन पाठन आदि महत्वपूर्ण कार्यहरू जून विभिन्न संघ संस्थाहरूले शुरू गरिरहेको छ , त्यसको लागि जनशक्ति निर्माण गर्ने कार्य परियत्तिले सहज तुल्याईदिएको छ । अझ डेढदशक अगाडी शुरू भएको त्रिभुवन विश्वविद्यालय अन्तर्गतको बौद्ध अध्ययन विभाग र हालसालै लुम्बिनी विश्वविद्यालय अन्तर्गत स्थापित विभिन्न कलेजहरूमा अध्ययन र अध्यापन कार्यलाई गतिशील बनाउने कार्यमा पनि परियत्ति शिक्षाका जनशक्तिहरूले विशेष योगदान गरीरहेको हामी पाउँछौं ।

लुम्बिनी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त पाँचवटा शिक्षण संस्थामध्ये विश्वशान्ति विहारमा स्थापित थेरवाद बुद्धिस्ट एकेडेमीमा पहिलोसत्रमा अन्य शिक्षण संस्थाहरूमा भन्दा सबभन्दा बढी विद्यार्थी भर्ना हुनुमा परियत्तिको ख्यातिले महत्वपूर्ण भूमिका खेलेको छ । थेरवाद बुद्धशासनको एउटा खम्बाको रूपमा रहेका परियत्तिकै निरन्तरताको परिणाम स्वरूप यस एकेडेमिको स्थापना सहज रूपमा हुनसकेको हो । विश्वविद्यालयस्तरको पाठ्यकम निर्माण, त्यसको लागि शिक्षकहरूको व्यवस्था र अध्यापन कार्य आदिलाई सहजरूपले अगाडी बढाउन सक्नुमा पचास वर्षसम्म परियत्ति संचालनगरी बटुलेको अनुभवले महत्वपूर्ण भूमिका खेलेको भन्नुमा अत्युक्ति हुने छैन ।

५० वर्ष पूरा भएको उपलक्ष्यमा हुन गईरहेको यस स्वर्णमहोत्सवमा दीर्घकालीन प्रभाव पर्ने नयाँ योजनाहरूको तर्जुमा गरेर कसरी अझ सशक्त ढंगले यस संस्थालाई दोऱ्याउने हो, त्यसको गम्भीर विचार विमर्श गर्नु आवश्यक छ । विशेष रूपले सीमित क्षेत्रमा मात्र अध्ययन अध्यापन हुने यस शिक्षालाई व्यापकता बनाउनु आजको सन्दर्भमा महत्वपूर्ण भएको छ । उपत्यका र केही शहरमा मात्र सीमित यस शिक्षालाई नेपालका विभिन्न जिल्लाहरूमा विस्तार गर्दै लाने, उपाधि प्राप्त विद्यार्थीहरूलाई निरन्तर बौद्ध क्षेत्रमा समावेश गराइराख्न अनुसन्धान कार्यमा लगाउने वातावरण तयार पार्ने, उनीहरूलाई रचनात्मक कार्यहरू जस्तै लेखन, महत्वपूर्ण ग्रन्थहरूको अनुवादकार्य, सम्पादनकार्यमा प्रेरित गर्ने, परियत्तिले आफ्नै पहलमा विभिन्न जिल्लाहरूमा जागरण कार्यकम, आधारभूत बौद्ध शिक्षाको कार्यकम संचालन आदि महत्वपूर्ण कार्य गर्नसकेमा एकातर्फ बुद्धशासन अभिवृद्धिमा महत्वपूर्ण कदम चालेको हुनेछ भने अर्कोतर्फ उत्पादित बौद्ध जनशक्तिहरू पनि परिचालन हुनेछ । परियत्तिमा महत्वपुर्ण योगदान दिईसकेकाहरू तथा यस संस्थामा बसेर कामगर्न ईच्छुक नयाँ पिढीहरूलाई समेटेर यी कार्यहरू परिचालन गर्न सकेमा अझ सुनमाथि सुगन्ध हुनेछ ।

यसरी बुद्धशासनको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आईरहेको यस संस्थाले ५० वर्ष पूरा गरेको उपलक्षमा हुन गईरहेको महोत्सवलाई महत्वपूर्ण पर्वको रूपमा लिई भविष्यमा बुद्धशासन अझ अभिवृद्धिका लागि आवश्यक महत्वपूर्ण कार्यहरू शुभारम्भ गर्ने अवसरको रूपमा लिनुपर्दछ । स्वर्णउत्सबलाई सामान्य औपाचारिकता भन्दापनि बुद्धशासन अभिवृद्धिको लागि एक शसक्त भुमिका खेल्ने अवसरको रूपमा लिनु नै महोत्सवको उपादेयता हुनेछ। – **त्रिरत्न मानन्धर, प्रबन्ध सम्पादक**

निर्देशक
**भिक्षु ज्ञानपूर्णिक महास्थविर**
अध्यक्ष, अखिल नेपाल भिक्षु महासंघ
सह-शिक्षाध्यक्ष, ने.बौ.प.शिक्षा

सल्लाहकार
**भिक्षु धर्मगुप्त महास्थविर**
केन्द्रीय परिक्षा नियन्त्रक
**भिक्षु निग्रोध स्थविर**
केन्द्रीय सह-परिक्षा नियन्त्रक

सम्पादन मण्डल
**भिक्षु बोधिज्ञान**
**भिक्षु जनक**
**त्रिरत्न मानन्धर**

कम्प्युटर सेटिङ्ग
**विनोद महर्जन**

मुद्रणः
**आइडियल प्रिन्टिङ्ग प्रेस**
ग्वार्को, फोनः ५००७५६३

**यस परियत्ति बुलेटिन प्रकाशनार्थ सहयोग गरिदिनु भई परियत्ति शिक्षाप्रति माया र सद्भाव राख्नुहुन विनम्र अनुरोध गर्दछौं ।**

सम्पर्क सचिवालय
**विश्व शान्ति विहार**
मीनभवन, काठमाडौं
मोबाईल नं : ९८४३४२४१०८
P.O. Box: 8973 NPC 327
E-mail: pariyatti2556@gmail.com
Web: https://sites.google.com/site/pariyattinepal
www.facebook.com /nepalbauddhapariyattishiksha

परियत्ति
बुलेटीन PARIYATTI BULLETIN

# 'रोगीको सेवा गरी बुद्धको सेवा गर्न चाहन्छु'

**अन्तवार्ता**

**यस शैक्षिक सत्र बु.सं. २५५६ को परियत्ति सद्धम्म कोविद उपाधि परीक्षामा उच्च अंक हासिल गर्न सफल भएका सुश्री पुष्पाञ्जली शाक्य। हाल वहाँ धुलिखेल अस्पतालमा 'नर्स एजुकेटर' को रुपमा कार्यरत हुनुहुन्छ। प्रस्तुत छ वहाँसंग भिक्षु जनकले गर्नुभएको संवादको केही अंश –**



पुष्पाञ्जली शाक्य

**१. १० बर्ष पछि अन्तत कोविद सक्काउनु भएको छ, कस्तो अनुभूति भइरहेको छ ?**

➢ कोविद सक्काउनु भनेको यतिकै पनि गर्वको कुरा हो। अरु कोविदमा उत्तीर्ण हुँदा त मन प्रशन्न हुन्छ, आफू पनि उर्तीर्ण हुन पाँउदा ज्यादै नै खुसी लागिरहेको छ । फेरी कोविद सम्म अध्ययन गर्दा जुन शिक्षा हामीले हासिल गर्दछौं, त्यो अमूल्य छ, र सो अमूल्य शिक्षा पाउँदा एक व्यक्ति आनन्दित हुनु त स्वभाविक हो ।

**२. आफ्नो ब्यस्त व्यवसायिक जीवनमा पनि यस शिक्षालाई छोड्नु भएन, कारण ?**

➢ मेरो व्यवसाय नर्सिङ्ग हो । मैले चार वर्ष यसको अध्ययन गरें । तर नर्सिङ्ग पढ्न भन्दा धेरै अगाडिदेखि नै म पहिले परियत्ति विद्यार्थी थिएँ । म स्कूलमा कक्षा पाँचमा हुँदा मैले परियत्तिको प्रारम्भिक प्रथम वर्ष अध्ययन गरेको थिएँ । यसको तात्पर्य के हो भने, मैले नर्सिङ्ग पढुन्जेल म परियत्तिमा कोविद प्रथम वर्ष उतीर्ण भइसकेको थिएँ र मैले परियत्तिको महत्व बुझिसकेको थिएँ । व्यवहारिक जीवनको साथसाथै आध्यात्मिक जीवनको लागि यो परियत्ति शिक्षाको धेरै नै महत्व रहेको हुँदा मैले आफ्नो व्यस्त व्यवसायिक जीवनमा पनि यस शिक्षालाई नछोडेको हो ।

**३. नर्सिङ्ग र परियत्तिमा के समानता भेट्टाउनु भएको छ ?**

➢ नर्सिङ्ग होस् अथवा परियत्ति, दुवै पढ्न मेहेनत र लगनशिलता चाँहिन्छ नै, यो एक समानता हो। बुद्धले भन्नुभएको छ- "जसले रोगीको सेवा गर्छ उसले बुद्धको सेवा गरेको हुन्छ ", सो बुद्ध वचनलाई सर्हष स्वीकार गर्दै, यो नर्सिङ्ग व्यवसाय मार्फत रोगीको सेवा गरी बुद्धको सेवा गर्न चाहन्छु । यो एक अर्को समानता हो। यसरी बिरामीलाई सेवा गर्ने कममा ध्यानको बारेमा पनि केही कुरा सिकाइ उनीहरुको दुखाइ हटाउन सकिन्छ , सो कुराको प्रयास मेरो व्यक्तिगततर्फबाट केही हदसम्म भइरहेको छ। तर यसरी गर्न त्यस्तो सहज छैन । साथै नर्सिङ्ग सेवा गर्ने कममा पनि हरेक क्षणमा स्मृति राख्नु पर्ने हुन्छ , जुन बुद्ध शिक्षा नै हो र उपेक्षा भाव राखी काम गर्नुपर्ने हुन्छ , त्यो नर्सिङ्ग र परियत्तिको अर्को समानता हो ।

**४. परियत्ति शिक्षाले एक व्यक्ति सफल हुनुको लागि कस्तो भूमिका खेल्न सक्छ ?**

➢ परियत्ति शिक्षा एक अमूल्य शिक्षा हो , जुन व्यवहारिक र आध्यात्मिक जीवनको लागि महत्वपूर्ण छ। परियत्ति शिक्षाको प्रारम्भिक एवं प्रवेश वर्षका पाठ्य पुस्तकले एक व्यत्तिमा बानी व्यहोरा सुधार्न मद्दत गर्दछ। बानी व्यहोरा सुध्रे पछि एक व्यक्तिलाई आफ्नो लक्ष्य थाहा भइसकेको हुन्छ , सो लक्ष्यको आधारमा निरन्तर मेहेनत गर्दै जान्छ र जीवनमा सफल भइन्छ जस्तो मलाई लाग्दछ । फेरि परियत्ति शिक्षाको सद्धम्म पालक उपाधिदेखि कोविद अन्तिम वर्ष सम्मको शिक्षाले श्रद्धा, वीर्य, स्मृति, समाधि र प्रज्ञालाई जोड दिन्छ , जसलाई मन, वचन र कर्मले गर्दै गयो भने जीवनमा सफल हुनु स्वभाविक नै हुन जान्छ ।

**५. अबको ५ वर्षपछि यस परियत्ति शिक्षाको भविष्य कस्तो देख्नुभएको छ ?**

➢ परियत्ति शिक्षा एक महत्वपूर्ण हुनको साथसाथै अध्ययन गर्न गाह्रो पनि छ। जस कारण परियत्ति शिक्षा अध्ययन गर्नेहरु अबको ५ वर्षमा केही कम होला कि जस्तो लाग्छ । तर यस पालिको परियत्ति शिक्षाको उत्तीर्ण संख्या हेरिकन अबको ५ वर्षमा पनि परियत्ति प्रेमीहरुको संख्या कम होला जस्तो लाग्दैन ।

**६. परियत्ति शिक्षालाई नेपालको कुनाकाप्चासम्म गाँउ पाखा पखेरा सम्म पुऱ्याउन के गर्न सकिएला ?**

➢ परियत्ति शिक्षालाई नेपालको कुनाकाप्चासम्म गाँउ पाखा पखेरा सम्म पुऱ्याउन ठाँउ ठाँउमा परियत्ति केन्द्रहरु सञ्चालन गरी प्रारम्भिक शिक्षालाई जोड दिनुपर्छ । साथै यस काठमाडौं उपत्यकाभित्रका परियत्ति सहकर्मीहरुलाई केही सहुलियत दिई ठाँउ ठाँउमा परिचालन गर्न सकियो भने पनि परियत्तिको उत्थानको लागि केही मद्दत मिल्ने छ जस्तो मलाई लाग्छ।

**७. परियत्ति शिक्षाप्रति उत्सुकहरूलाई केही भन्न चाहनुहुन्छ ?**

➢ म आफू पनि परियत्ति शिक्षातर्फ सुरुमा त्यति आर्कषित नभएको तर पढ्दै जाँदा यसको महत्व बुझ्दै गएपछि परियत्ति शिक्षातर्फ समर्पित भएँ। तर्सथ, परियत्ति शिक्षाप्रति उत्सुक नभएकाहरुलाई कम्तीमा सुरुवात गर्न आह्वान गर्दछु भने परियत्ति शिक्षाप्रति उत्सुकहरुलाई म धेरै साधुवाद दिन चाहन्छु र यस परियत्ति शिक्षालाई अझ अगाडी बढाउन प्रोत्साहन पनि गर्दछु । साथै परियत्ति शिक्षा अध्ययन गर्न सकिएता पनि निरन्तर बुद्धको शिक्षा अनुरुप मिहेनत गरी विपश्यना भावनालाई अभ्यास गरी छिटो भन्दा छिटो निर्वाण प्राप्त गरुन् भनी आशिका गर्दछु ।

◆◆◆

## अनुकरणीय......

लिइकन सफासुग्घर गर्न थाले । आसन बिछ्याउने काम पनि गर्न थाले । राहुल कुमारले बिहानै उठेर सफा गरिरहेको देखेर अरु श्रामणेर (नवक भिक्षुहरु ) धेरै अबेर सम्म सुतिरहे । अनि बुद्धले उनीहरुलाई बोलाई गाली गर्नुभयो– "तिमीहरु कसरी अल्छी भएका हौ ? देखेनौ राहुल कस्तो ज्ञानी भएको ! बिहानै उठेर सबै काम गर्न थाल्यो । चर्पी समेत सफा गर्छ । तिमीहरु कसरी अज्ञानी बन्यौ ?"

बुद्धको अर्ती सुनेपछि अरु श्रामणेरहरु (अरु नवक भिक्षु ) ले भन्न थाले बुद्ध पनि आफ्नो छोराको मात्र प्रशंसा गर्नु हुन्छ र हामीलाई गाली गर्नुहुन्छ । राहुलले गर्दा गाली खानुपऱ्यो भनी ईख गरेर राहुलको दोष र कमजोरी खोज्न सुरु गरे । तर राहुलको केही कमी देख्न सकेन ।

एकदिन राहुलकुमार बिहानै सफा सुग्घर गरेपछि फेरि कोठामा गएर आराम लिन गयो । त्यही मौकामा मन कपटी श्रामणेरहरुले बाहिरको धूलो जम्मा गरेर राहुलले सफा गरीसकेको ठाँउमा धूलो छरिदियो । अनि उनीहरु बुद्ध कहाँ गएर भन्न थाले – भन्ते, तपाईले राहुलको खूब प्रशंसा गर्नुहुन्छ , राहुलकुमार साह्रै ज्ञानी रहेछ । सफा सुग्घर गर्न सिपालु छ । आज राहुल अहिले सम्म सुतिरहेको छ । कूचो लगाएको छैन ।

बुद्धले राहुललाई बोलाउनु भई सोध्नुभयो –"के तिमी सन्चो छैनौ ? कपाल दुखेको छ ? सबै ठाउँमा धूलैधूलो छ रे ?

राहुल कुमार गएर हेऱ्यो –आफूले बढारी सकेको ठाउँमा मतिहीनहरुले धूलो छरिएको थाहा पायो । राहुलकुमार खुरुक्क कूचो लिएर बढारेर धूलो जम्मा गरी फालेर आफ्नो कोठामा गए । झगडा गरेन, "किन मैले सफा गरिसकेको ठाउँमा धूलो छरिएको ?" भने ।

राहुल कुमारका शत्रुहरुले विचार गरे-"राहुल कुमार साँच्चै नै असल र ज्ञानी रहेछ । अब हामी पनि असल र ज्ञानी बनौं ।" उनीहरु ज्ञानी बनेपछि शान्ति भयो ।

♦♦♦

# लमजुङ्गमा बौद्ध परियत्ति शिक्षा

केन्द्राध्यक्ष : बिजय ब. गुरुङ्ग



२०५७ बैशाख २६ गतेबाट धर्मोदय सभामा सकिय हुँदै आए यता बुद्ध दर्शन बुझ्ने अवसर पाएँ । २०६२ सालमा विश्व शान्ति विहार परियत्ति शिक्षा विभागका कार्यालय सहायक बासुदेव देशारसँगको एकदिने परिचयले लमजुङ्गमा पनि परियत्ति शिक्षा संचालन गर्नुपर्छ भन्ने प्रेरणा पाएँ । तर त्यसबेला यस ठाउँमा भएका अविकसित बौद्ध चेतना र यो शिक्षाप्रति सरकारको अस्पष्ट नितिले बलियो आधार बन्न सकेन । चाहना साहसिक बन्न नसक्दा पनि प्रयासरत थिएँ । अन्तमा पोखराको लामा मिन ब. गुरुङ्ग यस कार्यको निम्ति मेरो बलियो आधार र प्रेरणादायक बन्नुभयो । त्यसपछि कार्यक्रम बन्यो । पोखराको धर्मशीला





बुद्ध विहार केन्द्र हुने गरी २०६७ सालमा १६ जनाले फारम भरेकोमा १० जनाले परिक्षा दिएँ । २०६८ सालमा ३२ जनाले फारम भरेकोमा २३ जनाले परिक्षा दिएँ । दुवै वर्षको परिक्षाफल राम्रो भयो ।

त्यसपछि लुमजुंगमा नै परियत्ति केन्द्र खोल्नुपर्छ भन्ने विचार प्रबल हुँदै आयो र सम्बन्धित ठाउँबाट अनुमति लिई लमजुङ्ग बेशी शहरमा जिशिअ देवेन्द्रराज खनाल प्रमुख अतिथि, श्रद्धेय भन्ते बोधिज्ञान विशेष अतिथि, त्यसैगरी अतिथिहरुमा लामा मिन ब. गुरुङ्ग लामा ओम गुरुङ्ग भन्ते आचारो, भन्ते पदुम र गाविस सचिव पदम ब. अधिकारी रहेका उपस्थित जनसमुदाय बीच २०६९ माघ १ गते लमजुंग परियत्ति केन्द्र नामको विधिवत समुद्घाटन भयो । त्यसपछि २०६९ वर्षको श्री कृष्णकाजी महर्जन, गौतम महर्जन, सन्जित संग्रौला र ओभासो शाक्यको कुशल प्रशिक्षणमा प्रशिक्षित भई परिक्षा दिएकोमा ७४ जनाले राम्रो नतिजा ल्याएको देखियो ।

२०६९ चैत्र २४ देखि २८ सम्म संचालित परियत्ति धम्मकप २५५६ हाजिरीजवाफ प्रतियोगितामा यस केन्द्रले सहभागिता देखाई अनुभव लिने शाहसिक कदम लिएको थियो । तर सहभागी टिमको थोरै ज्ञान भएतापनि आत्मबल भएको कारणले निर्णायक भूमिकामा नपुगे पनि ६ अंक प्राप्त गर्न सफल भयो । यसमा मेरो विद्यार्थी र आयोजकप्रति आभारी जनाई सबैभन्दा ज्यादा खुशी मलाई भयो ।

३ वर्षको परियत्ति शिक्षाको अनुभव र प्रगति चर्चा सरकारी र गैरसरकारी संस्थाहरुमा साथै जनसाधारणमा चालु आर्थिक सहयोगको आवेदन राखें । सबैबाट सकारात्मक सुझावहरु आएका छन् । यदि समय र भाग्यले साथ दियो भने आउदो दिनहरुमा लमजुङ्ग बौद्ध परियत्ति केन्द्र सुसज्जित र सुसंगठित भई धेरै राम्रो हुनेछ र यसले मानवीय गुण र सामाजिक मेलमिलाप नैतिकवान कठी जोड्नेछ भन्ने आशा लिएको छु ।

♦♦♦

# मेरो परियत्ति यात्रा

ई. दिनेश चौधरी 'कोविद'

सर्वप्रथम परियति चिनाउने मेरो साथी सुश्री नीता केशरी श्रेष्ठज्युलाई सादर वन्दना साथै जसको कारण मैले परियति पढे, वहाँलाई म ईन्जिनियरी उहाँको पादमा पञ्चाङ्ग वन्दना र भगवान्रुपी परियतिको चरणमा सादर प्रणाम र सर्मपण । अब म परियतिको जीवन के हो ? के परियत्ति मानिस हो ? के परियत्ति कुनै शास्त्र हो ? यसको बारेमा भन्न गईरहेको छु ।

परियति न मानिस हो, न कुनै शास्त्र हो । यो एउटा दर्पण हो । जसमा तपाई हामी सम्पूर्ण जीवले आफ्नो जीवनलाई राम्ररीसँग हेर्न सक्छौ । जब म पवित्र सेवाको रुपमा वि.स. २०५३ सालमा स्थापित रानीपानी ग्राम सेवा केन्द्रमा व्यक्तिले व्यक्तिलाई ५१ वटा घरमा थोपा सिंचाई टैंकी दान दिएँ तर दीर्घायु हुन सकेन, आफ्नै श्रमले बनाएका सेवाकेन्द्रको कार्यालय घरलाई एउटा माररुपी डोजर लगाएर भत्काउँदा दाताहरु आँसु बगाई रोक्न खोज्दा समेत उनीहरुलाई रोक्न सकेनन् ।

मेरो विचारधारा परिवर्तन भयो । मैले मानिसले गरेका कर्मफल पाउँछ कि पाउँदैन भनी खोजतलास गर्न थाले । विज्ञानले पनि भन्छ कि प्रत्येक कियाको प्रतिकिया हुन्छ । घरमा पनि सुनेको थिएँ कि फलाफल हुन्छ भनी । यसै कममा आफ्नो साथी नीता केशरीज्यूसंग जिज्ञासा राख्दा वहाँले परियतिको कक्षा एकका किताब ल्याएर दिनु भो । यसमा फलाफहरु छन र भन्नु भो कि बढी जानकारी गर्नु छ भने विश्व शान्तिका भिक्षु बोधिज्ञानज्यूसँग सम्पर्क राख्नुस् । मैले भिक्षु बोधिज्ञानज्यूसंग भेट गरिदा वहाँ परियति ,प्रतिपत्ति र पटिवेध तथा परियति शिक्षाको बारेमा बताउनु भो । मैले सोचे परियति बिना कुनै योजना दीर्घायु हुन सक्तैन, विचार गरि रानीपानी परियति केन्द्रको स्थापना गरि म आफु परियति कक्षा एकको विद्धार्थी भए र रानीपानीका पढ्ने भाई ,बहिनी, निरक्षर केही दाजु र दिदी समेतले परियति पढन शुरु गरे ।

परियत्ति यात्रामा दाजु दिदीहरुले परियत्तिमा निरन्तरता दिन सकेनन् तर भाई बहिनीहरुले हालसम्म साथ दिईरहेका छन् । यस वर्ष लगातार दश वर्षसम्म परियति पढी कोविद उर्तीण हुन सफल भएको छु । यसै बीचमा ईन्जिनियरीङ्ग बचाउन मैले कानुनमा एलएलबीको पनि डीग्री हासिल गरेको छु । मैले न्याय जगत्मा परियति शिक्षाको अत्यन्त जरुरी रहेछ भनी महसुस गरि नेपाल ल क्याम्पस परिसरलाई न्यायमुर्तीको प्राङ्गनमा विश्व शान्तिका श्रामणेर नागितज्यूबाट पूजापाठ गराई पञ्चशील क्षेत्र घोषित गराई पूजा गरी पठन पाठ गरेको थिएँ ।

म अब शोधरुपी विचारले विश्व शान्ति विहारमा रहेका थेरवाद बुद्धिस्ट एकाडेमीमा मास्टर तहमा प्रथम वर्षमा अध्ययनरत छु । अब म परियतिभित्र के के छन् बताउन चाहन्छु । मैले सद्धाको पहिलो पाठ पञ्चाङ्ग वन्दना गर्न सिकें । सद्धाको दोश्रो पाठ क्षमा प्रार्थनामा रहेका "ओकास द्वारत्तयेन कतं सब्बं अपराधं खमथ मे भन्ते" सिके । तेश्रो पाठमा रहेका "नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स" र चौथो पाठको रुपमा रहेका "बुद्ध सरणं गच्छामि, धम्म सरणं गच्छामि, संघ सरणं गच्छामि" सिकें । सद्धा बलको रुपमा रहेका पञ्चशील "म प्राणी हिंसा गर्दिन । म चोरी गर्ने कार्य गर्दिन । म व्यभिचार गर्ने कार्य गर्दिन । म झुट्टा बोल्ने कार्य गर्दिन । म धुम्रपान, मादक पदार्थ जस्ता उत्तेजित पदार्थहरु सेवन गर्दिन ।" ग्रहन गरे । मैले पञ्चशीलका कर्मफल बारे जाने । प्राणी हिंसा गरिदाँ १९ वटा नराम्राफल, चोरी गरिदाँ ७ वटा नराम्राफल, व्यभिचार गरिदाँ ७ वटा नराम्राफल, झुट्टा कुरा गरिदाँ ७ वटा नराम्राफल, सुरापान गरिदा २० वटा नराम्राफल, प्राणी हिंसा नगरिदाँ १० वटा राम्राफल, चोरी नगरिदाँ ४ वटा राम्राफल, व्यभिचार नगरिदाँ ७ वटा राम्राफल, झुट्टा कुरा नगरिदाँ ५ वटा राम्राफल, सुरापान नगरिदाँ ९ वटा राम्राफलहरु पाउँदो रहेछ, भन्ने ज्ञान हाशिल गरे ।

मायादेवीको खेतमा अकुंरित भगवान रुपी सिद्धार्थका सद्धाबलको आवाज "म लोकमा अग्रज हुँ" ले सडन रुपीमा रहेका मेरो जीवनलाई कान्तिमय बनाई दियो । मूल गुणमा रहेका बुद्ध, धम्म र संघलाई वन्दना गर्न जाने । मैले भगवान बुद्धलाई जल, खाद्य, धूपदीप आदिले पूजा गर्न विधी जाने, ३८ वटा मंगलले आफ्नो जीवनलाई सिंगारे । मैत्री र रत्न सूत्रले रक्षा गर्न सिके । पवित्र सद्धाको स्थलमा



बस्नु भएका सद्धामय सिद्धार्थको सद्धामय भोक र सद्धामय सुजाताको सद्धामय खीरको मिलनबाट उब्जेका सद्धाबल र मार देवताको बल बीचबाट उब्जेका सघर्षमय, आनन्दमय निवार्णमय वर्षाको वृतान्तले मेरो अंकुरीत जीवनलाई फलमय वृक्षमा परिणत गऱ्यो । सहि कर्तव्यको बोध भयो । भगवान बुद्धले विभिन्न ठाउँको चरिका गर्दै जाति जन्मले हैन ,कर्मबाट मात्र हुन्छ जस्ता अन्धविश्वासलाई प्रकाश गरी शीलमय जीवनको महत्वफल बाँडनु भो । सद्धा प्रार्थनाका रुपमा रहेका परित्राण सूत्रले जीवनमा आईपर्ने सत्य कठीनाईहरुलाई सजिलैसंग सुल्झाउन सकिने कुराको बोध भयो ।

श्रद्धालु अनाथपिण्डिकको जेतवन विहारको दान र जेतवन राजकुमारको घमण्डको नाश, विशाखा चरित्रको वर्णन र महालता दान तथा पूर्वाराम विहारको निर्माण । पटाचाराको रोदन र निर्वाण सुख प्राप्ती । धम्म पदका रोचक सूत्रहरुको ज्ञान पाउनु । सुख वा दुःखलाइ वीर्यवान, सम्प्रज्ञ भई स्थीर चितले एक एक गरि सावधानी पूर्वक हेर्न .जान्नु पर्छ । दुःख भनेको तपाईको पेटको फोहरलाई टाउकोमा राख्नु हो । अघृणीत भई पेटभित्रको किचरमय फोहरलाई मथंन गरि कमलको फुल फुलाउनु नै निर्वाण सुख हो । अन्तमा विश्व शान्तिका भिक्षु बोधीज्ञानज्यूबाट उद्‍घाटित रानीपानी परियति केन्द्र, सुभा गुरुमाबाट शीलाकृत गरिएका रानीपानी पञ्चशील ग्राम, श्रामणेर नागितज्यूबाट उद्‍घाटित पञ्चशील ईनार र विश्रामालयले सबैलाई निर्वाण सुख प्राप्त होस्को साथै मेरो परियति सबैका परियति बनुन् । परियतिले सबैलाई अन्धकारबाट प्रकाशमा ल्याउन, सबैको मनमा "सद्धा" र "कुशला धम्म" को जन्म दिउन् ।

♦♦♦

# जीवनको ऐना : परियत्ति



मित्र खत्री
कक्षा ६, दिपंकर परियत्ति शिक्षालय

के तपाईले ऐना देख्नुभएको छ ? यदि देख्नुभएको छ भने कस्तो देख्नुभएको छ ? गोलो, वर्गाकार, धनाकारादि आकार भएका त पक्कै होलान्। तपाई ऐना के को लागि प्रयोग गर्नुहुन्छ ? अवश्य पनि आफ्नो आकृतिलाई नियाल्न होला । तर के तपाईले यस्तो ऐना देख्नुभएको छ ? जुन आकार विहिन छ । जुन अदृश्य भएर पनि हाम्रो शारीरिक बाहिरी आकृतिको मात्र परावर्तन नगरी हाम्रो अन्तरंगको आकृतिलाई प्रतिलिम्बित गर्दछ ।

तपाई हामीले हेर्ने ऐनामा शारीरिक मैला, खोट वा दाना जस्ता शरीरलाई दुषित वा नराम्रो पार्ने त्यस्ता तत्वहरु प्रशस्त देखिन्छन् । तर यहाँ जुन ऐनाको म कुरा गर्दैछु । त्यो ऐनाको खास बनोट अनुसार शारीरिक बाह्य मैला नभई शरीरको अन्तरंगको मैलालाई त्यसले स्पष्ट रुपमा देखाउँछ ।

यसरी अदृश्य र र शरीरको अन्तरंगका मैलालाई समेत प्रतिबिम्बित गर्ने त्यस ऐनालाई हामी "ऐनाको" को पर्यायमा "परियत्ति शिक्षा"लाई हामी लिन सक्छौं ।

मलाई गर्व लाग्छ कि, बुद्ध जन्मेको देश नेपालमा रहेर असंख्य मानिसहरु मध्येमा त्यो ऐनाको सफल भागिदार हुन पाएको छु ।

**ऐनाको सम्मुख पुग्दा**

मेरो कर्मफलानुसार यस मनुष्यलोकमा म पनि आएँ । यसरी मनुष्यलोकमा आएपछि समाजमा रहेका विभिन्न सम्बन्ध, बन्धन, रितिरिवाज र सँस्कृतिमा बाँधिन पुगे । म यस्तो बन्धनमा थिए कि पछि गएर त्यो बन्धन टुटिने रहेछ । १०/११ वर्षको उमेरमा नै साथीको सल्लाह अनुसार "परियत्ति शिक्षाको" अध्ययनार्थ म "दिपंकर परियत्ति शिक्षालय" मा पुगें । मलाई थाहाँ थिएन कि म अब त्यस ऐनामा आफुलाई विस्तृत रुपमा देख्नेछु । परियत्ति शिक्षाको प्रथम तह अथवा प.स.पा.को प्रारम्भिक प्रथम वर्ष (कक्षा १) देखि नै मैले आफूलाई ऐना सम्मुख पाउन थालें । कक्षा १ को "पञ्चशील र पञ्चशीलको विपाक" हरु अध्ययन गर्दा मैले मेरा विगतका केही अकुशल कर्मद्वारा हाल भोगि रहेको विपाकलाई छलँग त्यस ऐनामा पाएँ । त्यसै अवस्थामा नै पञ्चशीलका हरेक शीललाई राम्ररी पालन गर्ने अठोट गरे । यसरी १०/११ वर्षको उमेरमा नै सफा सुग्घर अनुहार वा रुप रंग भएता पनि मैले आफुलाई त्यस ऐनामा अथाह मैला भएको व्यक्तिको रुपमा पाएँ ।

यसरी समय बित्दै गयो । मेरा सबै साथीहरुले परियत्तिलाई तिलाञ्जली दिई पुनः संसारिक दुःखको भुमरीमा बाँधिन पुगे । म भने चाँहि त्यो ऐनामा आफ्नो आकृतिलाई हेर्दै यति लिप्त हुन पुगेछु, मलाई तिनीहरु संसारिक भुमरीमा परेको होशै भएन । म दिनदिनै आफुलाई ऐना सम्मुख पार्दथें । यसरी दिन दिनै आफूलाई ऐना सम्मुख पार्दा नयाँ खोटहरु म आफूमा पाउँदथें र सुधार गर्दथें ।

यसरी सुधार गर्ने कम जारी हुँदै खेरी, आफूमा परिवर्तन भएका कुराहरु पनि थाहा नै भएन । समाजमा अन्य मानिसको तुलनामा आफू एक्लै छुट्टै भएको भनि असल वा राम्रो व्यवहार गर्न थाले पछि पो मैले अनुभव गरे कि म त परिवर्तन भएछु । यसरी पहिलेको समाजमा रहने मानिसको म प्रतिको दृष्टिलाई मैले परिवर्तन गर्न सकें ।

त्यसै गरी आफूलाई ऐनामा पार्दै खोट मेटाउने काम जारी हुँदै जादाँ मैले आफुमा भएको खोट मात्रै नमेटाई त्यो ऐनालाई अरुतिर पनि फर्काई दिएँ र सायदै यस कारण विगत २० वर्ष देखि बिग्रेको पारिवारिक सम्बन्धमा समेत मैले नचुँडिने डोरीको सिर्जना गरी आफ्नो परिवारलाई समेत नजिक पाएँ ।

अतः परियत्तिका हरेक विषयवस्तु यति व्यवहारिक छ जुनलाई प्रयोगमा ल्याउनाले आफूमा अथाह परिवर्तन हुन्छ । पढेका र भोगका दुवै पक्षले आफूमा परिवर्तन ल्याउन सक्छ । अतः परियत्तिको अध्ययनार्थ मन स्वस्थ र स्वच्छ हुन्छ । यसै अनुसार धम्मपदको एक गाथा "यमकवग्ग" मा पाइन्छ :-

**मनोपुब्बंगमा धम्मा – मनोसेट्ठा मनोमया**
**मनसा चे पदुट्ठेन – भासति वा करोति वा**
**ततो नं दुक्खमन्वेति – चक्कं व वहतो पदं ॥**

- मनको धर्म हो जुनसुकै काममा पनि अगुवा हुनु, औ मन मुख्य भएर जतातत्तै पुगेको हुन्छ। त्यसकारण अशुद्ध मन भएर कसैले बोल्यो वा गऱ्यो भने बयलको पछि पछि गाडाको पांग्रा आए भैं दुःख पछि लागेर आउँछ ।

साँच्चै नै यो अवस्था भनेको ऐना सम्मुख नपुग्दाको अवस्था हो । तर जब ऐना सम्मुख पुगिन्छ त सुखको बहाव तीव्र हुन्छ । यसलाई भगवान् बुद्धले धम्मपदकै यमक वग्गमा यसरी भन्नुभएको छ :

**मनोपुब्बंगमा धम्मा – मनोसेट्ठा मनोमया**
**मनसा चे पसन्नेन – भासति वा करोति वा**
**ततो नं सुखमन्वेति – छाया व अनपायिनी ॥**

- मनको धर्म हो जुनसुकै काममा पनि अगुवा हुन्छ, औ मन मुख्य भएर जतातत्तै पुगेको हुन्छ । त्यसकारण शुद्ध मन लिएर कसैले बोल्यो वा गऱ्यो भने आफ्नो पिछा न छोड्ने छायाँ आए भैं सुख पछि पछि लागेर आउँछ ।

अतः परियत्तिको शिक्षालाई पनि हामीले मनैदेखि अनुशरण गरेमा कुनै विघ्नबाधा विना पछि पर्ने छायाँ भैं सुखले जीवन भर पछ याउँछ । यही गाथाले भने सरह मेरो जीवनमा पनि सुख पछि पर्न थाल्यो ।

सुरु सुरुमा त रमाइलोका लागि परियत्ति पढ्ने म आजकल स्वयंलाई परिवर्तन गर्ने मनसायका साथ अध्ययन गर्छु । परियत्तिका हरेक पाठमा आफ्नो गल्ती खोज्दै बस्छु । मेरा शरीरका अन्तरंगका मैलालाई चिनि तुरुन्त त्यसलाई साफ गर्ने प्रयत्न गर्दछु । अतः परियत्ति मेरो लागि एक अध्ययनको विषय मात्र नभई दैनिक मैला सफा गर्ने कार्य भैं भएको हो ।

परियत्ति अध्ययन गर्दै जादाँ किशोरावस्थामा पनि पुगें । किशोरावस्थाको त्यो कमजोर पुलमा मैले निकै नै सुरक्षित हुनु जरुरी थियो । किनकी त्यो पुल यति कमजोर हुन्छ कि कुनै सियोको तिखोपनाले प्वाल पार्दा समेत भत्किन्थ्यो । यस किसिमको पुलमा गल्ती बस क्षेद हुन पुगेछ तर त्यो पुल भत्किन नपाउँदै परियत्तिको ऐनामा मैले प्रतिबिम्बित भएको पाएँ र भत्किन नदिन परियत्तिकै अनुसार प्रयत्न गरे । यसरी परियत्तिले जीवनका हरेक दुःखमा मलाई बैशाखी बनी साथ दिएको छ ।

मेरो जीवनका हरेक क्षण र पलमा परियत्तिको यति महत्व छ कि जस्को उपस्थिती विना सार्थक जीवनको कल्पना समेत गर्न सक्दिन । परियत्ति मेरो जीवनमा विभिन्न पक्षमा परियत्तिको आडले मलाई सार्थक जीवन दिलाउन सफल भएको छ । यसरी जीवनको एउटा आड बनी बसेको ऐना कहि कतै टुट्ने (फुट्ने) त छैन भन्ने म मा डर छ । जसको टुटाईले म आफ्नो आकृति बिर्सन सक्छु । अतः म जस्ता हरेक परियत्ति विद्यार्थीको आड बनी बसेको यो ऐनाको रक्षा गर्नु हामी सबैको कर्तव्य हो र परियत्ति त्यो ऐना फुट्ने म जस्ताको डर हटाउनु परियत्ति सञ्चालकको कर्तव्य हो । अतः म भन्छु हरेकको जीवनमा परियत्तिको ऐना अवश्य होस् । ❖❖❖

## भिक्षु महासंघमा भिक्षु ज्ञानपूर्णिक नयाँ अध्यक्ष

२० श्रावण, काठमाडौं । नेपाली थेरवादी भिक्षुहरुको छाता संगठन अखिल नेपाल भिक्षु महासंघको वार्षिक साधारण सभा नयाँ बानेश्वरस्थित विश्वशान्ति विहारमा संघउपनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्य समिति सर्वसम्मतले चयन गर्दै सम्पन्न भएको छ । आपत्ति देशना, बुद्धपूजा एवं परित्राण पाठ गरी कार्यक्रमको शुभारम्भ गरिएको हो ।

नेपालका छैठौं संघनायक भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यत्व एवं संघउपनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरको विशेष आतिथ्यता रहेको सो कार्यक्रमको अध्यक्षता अखिल नेपाल भिक्षु महासंघका निवर्तमान अध्यक्ष भिक्षु बोधिसेन महास्थविरले गर्नुभयो । भोजन अगाडिको पहिलो सत्रमा संघका सचिव भिक्षु धर्ममूर्ति महास्थविर एवं कोषाध्यक्ष भिक्षु शोभित महास्थविरले क्रमशः वार्षिक प्रगति प्रतिवेदन तथा आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । सचिव तथा कोषाध्यक्षको प्रतिवेदन प्रस्तुति पश्चात् भिक्षु मैत्री महास्थविर, भिक्षु कोण्डन्य, भिक्षु पियदस्सी, भिक्षु सरणंकर, भिक्षु तपस्सीधम्म लग( ायतले प्रतिवेदनमाथि टिकाटिप्पणी एवं प्रश्न गर्नुभयो भने सम्बन्धित पदाधिकारीहरुबाट टिप्पणी र प्रश्नको जवाफ दिने प्रयास गरियो ।

